म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ८६ २०७९ फगुन ३ गते मंगलबार 15 February 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




## हेटौंडा उपमहानगर स्थापनाको ५४औं वर्षमा पहिलो दिवस

# प्रथम नगरप्रमुखदेखि दर्जनौंलाई सम्मान, ५६ कर्मचारी सम्मानित



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका स्थापनाको ५४ वर्ष पूरा हुँदा पहिलो पटक स्थापना दिवस मनाइएको छ । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको सभाध्यक्ष तथा बागमती प्रदेश सभाका प्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्यमा सोमबार स्थापना दिवसमा विशेष समारोहको आयोजना गरिएको छ ।

स्थापना दिवसको अवसरमा प्रथम नगरप्रमुखदेखि दर्जनौं सम्मानित भएका छन् । सामाजिक, साँस्कृतिक, साहित्य, पत्रकारिता क्षेत्रमा योगदान गर्नुहुने व्यक्तिहरुलाई सम्मान गरिएको हो । यस्तै हाल कार्यरत ५६ जना कर्मचारी पनि सम्मानित भएका छन् । स्थापना दिवसकै अवसरमा पारेर हेटौंडा-२, संगमचोकस्थित बासुदेव रिजालको प्रतिमा नगर परिसरमा सारिएको छ । उपमहानगर पालिकाले नगरघण्ट पनि स्थापना गरेको छ । स्थापना दिवसको अवसरमा बोल्नुहुँदै नगर प्रमुख मिना कुमारी लामाले अहिले आफ्नो टिम सुशासन कायम गर्दै विधिको शासनमा सरकार चल्नुपर्छ भनेर लागिरहको बताउनुभयो । अहिले यो क्रममा लाग्दा आफुहरुमाथि औंला उठ्ने गरेको र विभिन्न उजुरी परिरहेको बताउनुहुँदै प्रमुख लामाले यसले आफुहरुलाई पाठ सिकाएको बताउनुभयो ।

बागमती प्रदेशको राजधानी हेटौंडालाई अब्बल बनाउनका लागि स्थानीय सरकारको बलले मात्र सम्भव नहुने उहाँले बताउनुभयो । प्रदेश सरकार र संघीय सरकारले पनि हेटौंडाको परिकल्पना गर्नुपर्ने उहाँले बताउनुभयो । प्रदेश सरकारलाई भौतिक संचरनाहरु निर्माण गर्नका लागि पर्याप्त ५ सय विगाघा जग्गा उपमहानगरले उपलब्ध गराएको बताउनुहुँदै नगर प्रमुख लामाले हेटौंडालाई तीनै तहको सरकार मिलेर स्मार्ट सिटी बनाउनुपर्ने बताउनुभयो । हेटौंडा उपमहानगरपालिकाले अहिले १० हजार लिटर पानी निशुल्क वितरण गरिसकेको र अब लगतै सहलगानीमा ८२ करोडको खानेपानीको व्यवस्थापन गरि रहेको प्रमुख लामाले बताउनुभयो । प्रदेश सरकारसँग समन्वय गरेर हेटौंडामा ३२ करोडको थोक तरकारी बजार, टर्मिनल बसपार्क निर्माण र हङकङ बजारलाई आधुनिक बजार बनाउनका लागि डिपीआर तयार गरेको नगर प्रमुख लामाले बताउनुभयो ।

बागमती प्रदेशका प्रमुख यादवचन्द्र शर्माले सबैको साझा प्रयत्नले नगर विकासको विकास हुने बताउनुभएको छ । हेटौंडा बागमती प्रदेशको राजधानी र पर्यटकीय सम्भाव्य नगर भएकाले सबै क्षेत्रको व्यवस्थापन गर्नुपर्ने प्रमुख शर्माले बताउनुभयो । उहाँले तीनै तहको सरकारले समन्वय गरेर अघि बढ्नुपर्ने बताउनुभयो । किसानले उत्पादन गरेका तरकारी तथा फलफुलहरुलाई फाल्ने अवस्था आउन नदिने गरी काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाका पूर्व नगरप्रमुख एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले हेटौंडालाई परिवर्तन गर्ने अभियान नगर स्थापनादेखि नै सुरु भएको बताउनुभयो । हेटौंडालाई देशकै उत्कृष्ट नगरको रुपमा चिनाउन सफल भइसकेकोले यो गरिमालाई जोगाइराख्नुपर्ने बताउनुभयो । उहाँले सबै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई बाहिर आलोचना नभई काममा सहयोग गर्नुपर्ने बताउनुभएको छ ।

उपमहानगरको स्थापना दिवसको अवसरमा ९ जनालाई उत्कृष्ट कर्मचारीको रुपमा जनही ७५ हजार रुपैयाँसहित सम्मान गरेको छ । उत्कृष्ट कर्मचारीको रुपमा सम्मानित हुनेमा भैरव बहादुर कुमाल, भानुभक्त थपलिया, किरण थापा, श्यामकुमार श्रेष्ठ, शान्तादेवी लौडारी, मञ्जु गौतम, दिपेन्द्र राज शर्मा, सीता कुमारी स्याङ्तान र गोकर्ण बिक हुनुहुन्छ ।

# मकवानपुरकी कंशाकार रास्वपा केन्द्रीय सदस्य

समाज संवाददाता

हेटौंडाः मकवानपुरकी बिन्दबासिनी कंशाकार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय सदस्य चयन हुनुभएको छ । रास्वपाको सोमबार बसेको बैठकले कंशाकारलाई केन्द्रीय सदस्य मनोनित गर्ने निर्णय गरेको हो ।

कंशाकारसँगै १६ जनालाई केन्द्रीय सदस्य मनोनित गरेको छ । कंशाकार मंसिरमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा रास्वपाबाट समानुपातिक सूचीमा हुनुहुन्थ्यो । १६ जना सदस्य मनोनित गरेसँगै रास्वपाको केन्द्रीय समिति ४० सदस्यीय भएको छ । बिन्दबासिनी १० वर्षअघि एसिड आक्रमणबाट पीडित हुनुहुन्छ । पार्टीमा आफ्नो अपेक्षाका आधारमा नभई पार्टीकै नेतृत्वले स्वतः स्फूर्त केन्द्रीय सदस्य मनोनित गरिएको जानकारी प्राप्त भएको कंशाकार बताउनुहुन्छ । प्राप्त जिम्मेवारी पूरा गर्न आफू तयार रहेको कंशाकारको भनाइ छ । उपचारको क्रममा दिल्ली पुग्दा प्रतिनिधिसभा सदस्य निर्वाचन अघि रवि लामिछानेले समानुपातिक सूचिमा समावेश गर्ने प्रस्ताव आएको उहाँले बताउनुभयो ।




# राक्सिराङको चैनपुरमा कृषि हाट बजार सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकामा कृषि हाट सुरु भएको छ । हाट बजार सुरुवात भएको पहिलो दिन सोमबार २० लाख रुपैयाँको कारोबार भएको छ । राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको सभाध्यक्षता तथा बागमती प्रदेशसभाका सदस्य ईन्द्र बहादुर बानियाँको प्रमुख आतिथ्यमा कृषि हाट बजारको उद्घाटन कार्यक्रम भएको हो ।

कृषि हाट बजार व्यवस्थापन समितिका संयोजक सन्तोष थापाका अनुसार पहिलो दिन कृषि हाटमा २७ वटा स्टलहरु राखिएका थिए । कृषि हाटमा रैथानेबाली, कृषि उपजको प्रदर्शनी तथा बिक्रि वितरण भएको थापाले बताउनुभयो । पहिलो दिन कृषि हाट बजार को दुई हजार पाँच सय जनाले अवलोकन गरेको उहाँले बताउनुभयो ।

हरेक महिना १ र १५ गते कृषि हाट बजार संचालन हुनेछ । राक्सिराङ गाउँपालिका र कृषि सहकारी संस्थाहरुको सहयोगमा राक्सिराङ गाउँपालिका-५, चैनपुरमा हाट बजार सञ्चालन गरिएको हो ।

# ट्रकमा गाँजा बरामद

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित ट्रक र ट्रकका सहचालकलाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । सोमबार राती साढे ११ बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-९, ज्यामिरेमा रोकी राखेको ना ६ ख ४५२० नम्बरको कन्टेनर ट्रकलाई सशस्त्र प्रहरीले १२ वटा पोकामा १ सय ५८ केजी लागुऔषध गाँजासहित नियन्त्रणमा लिएको हो ।

मकवानपुरको थाहा नगरपालिकाबाट आएको ट्रकलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि इलाका प्रहरी कार्यालयलाई जानकारी गराएको थियो । इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको टोलीले सहचालक जिल्ला मकवानपुर जिल्लाको थाहा नगरपालिका-३, गोपालीगाउँ बस्ने १८ वर्षीय विशाल गोपालीलाई नियन्त्रणमा लिएको छ । पक्राउ परेका सहचालक, बरामद गाँजा र ट्रकलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जनाएको छ ।

## छिमेकी कुट्ने पक्राउ

हेटौंडाः हेटौंडा-१८, मानेडाँडामा लागुऔषध सेवन गरी छिमेकीलाई कुटपिट गर्ने २५ वर्षीय सुमन गोम्बालाई प्रहरीले पक्राउ गरेको छ । सोमबार राती १० बजेर ५० मिनेटको समयमा लागुऔषध सेवन गरी सुमनले ३० वर्षीय बुद्ध लामालाई कुटपिट गरी घाईते बनाएका थिए ।

घटनाबारे जानकारी प्राप्त भएलगत्तै प्रहरी टोलीले सुमन गोम्बालाई नियन्त्रणमा लिई खानतलासी गर्दा लागुऔषध नाइट्राभेट २४ ट्याबलेट फेला पारेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । कुटपिटबाट घाइते बुद्ध लामालाई सामान्य उपचारपछि घर पठाइएको प्रहरीले जनाएको छ ।

# लागुऔषधसहित राउत पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषधसहित हेटौंडा-६, गौरिटारका ३२ वर्षीय भीम राउतलाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरीले आइतबार राती ९ बजेको समयमा राउतको घरबाट नाइट्रोभेट ३० ट्याब्लेट र गाँजा २ केजी ९ सय ग्राम बरामद गरेको जनाएको छ । राउतले लागुऔषध विक्री वितरण गर्ने गरेको सूचनाका आधारमा प्रहरीले छापा मारेको जनाएको छ । राउतलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्षमा राखी थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।



# सम्पादकीय

## सडक स्तरीकरणमा चासो

बागमती प्रदेशको राजधानी हेटौंडालाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो दुरीको सडक स्तरीकरणलाई तिब्रता दिइएको छ । संघीय राजधानी काठमाडौंसँग भौगोलिक हिसाबले नजिकै भए पनि स्तरीय सडक पूर्वाधारको अभाव हेटौंडा-काठमाडौं आवतजावतमा असुविधा भइरहेको छ । हेटौंडा-काठमाडौं जोड्ने थुप्रै राष्ट्रिय राजमार्ग तथा वैकल्पिक मार्ग भएर पनि आवतजावतमा धेरै समय लाग्ने समस्यालाई न्यूनीकरण गर्न छोटो दुरीको मार्ग स्तरीयकरणमा प्रदेश सरकारले विशेष चासो देखाएको छ । करिब दुई दशकदेखि सञ्चालन भइरहेको हेटौंडा-भीमफेदी-कुलेखानी-काठमाडौं सडक स्तरीकरण हुन सकेको छैन । साना सवारी साधनमात्र सञ्चालन भइरहेको उक्त मार्गको स्तरीकरणका लागि विगतमा संघीय सरकारले केही कार्य गरेको भए पनि पछिल्लो समय बागमती प्रदेश सरकारले विशेष चासो दिएको छ । छोटो दुरीको बाटो जीर्ण र साँघुरो हुँदा यात्रा कष्टकर र जोखिमपूर्ण बन्नुका साथै धेरै समय लाग्ने गरेको छ । हेटौंडा बागमती प्रदेशको स्थायी राजधानी भएपछि प्रदेशका अन्य जिल्लाका सेवाग्राहीलाई राजधानी आउनजान सहज बनाउने उद्देश्यले प्रदेश सरकारले सडक स्तरीकरणलाई तिब्रता दिएको हो ।

हेटौंडाबाट काठमाडौं आवतजावत गर्न करिब आधा दर्जन सडक सञ्चालनमा रहेका छन् । मुलुककै सबैभन्दा पुरानो त्रिभुवन राजपथ (बाइरोड) बढी घुमाउरो र साँघुरो भएका कारण यात्रा सहज हुँदैन । हेटौंडा-नारायणगढ-मुग्लिन हुँदै पृथ्वी राजमार्ग भएर काठमाडौं जाने बाटो सजिलो भए पनि लामो दुरी भएका कारण धेरै समय लाग्ने गर्दछ । ६ दशकभन्दा अघिदेखि निर्माण सुरु भएको कान्ति लोकपथबाट काठमाडौं आउजाउ गर्न सकिने भए पनि सो सडक पनि स्तरीकरणकै क्रममा रहेका कारण सार्वजनिक यातायात सञ्चालन हुन थालेको छैन । हेटौंडाबाट भैंसे-भीमफेदी-कुलेखानी हुँदै काठमाडौं जान पनि तीनवटा विकल्प रहेका छन् । कुलेखानीबाट सिस्नेरी-छैमले हुँदै जाने बाटो, फाखेल हुँदै जाने बाटो र चित्लाङ-चन्दागिरी हुँदै जाने बाटो सबैको दुरी र अवस्था करिब उस्तै छन् । पछिल्लो समय बागमती प्रदेश सरकारले यही बाटोको स्तरीकरणमा प्राथमिकता दिएर कामलाई तिब्रता दिएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलेको विशेष पहलमा अहिले कुलेखानीबाट फाखेल हुँदै जाने र सिस्नेरी हुँदै जाने दुईवटै सडकमा सवारी आवागमन बन्द गरेर स्तरीकरणलाई तिब्रता दिइएको छ । गत फागुन १ गतेबाट दुई महिनाका लागि सवारी आवागमन बन्द गरेर स्तरीकरणको कामलाई तिब्र पारिएको हो । हेटौंडाबाट काठमाडौं जाने साना सवारी साधनलाई कुलेखानीबाट चित्लाङ हुँदै जानुपर्ने र काठमाडौंबाट हेटौंडा आउने सवारी साधनले कान्ति लोकपथ प्रयोग गर्ने गरी व्यवस्था मिलाइएको छ । भीमफेदी-कुलेखानी सडक खण्ड यसअघि नै स्तरीकरण गारिसकेको प्रदेश सरकारले भैंसे-भीमफेदी सडक खण्डको स्तरीकरणमा पनि तिब्रता दिन विशेष चासो देखाएको छ । स्तरीकरणको काम सम्पन्न भएपछि करिब ७५ किलोमिटरको उक्त छोटो बाटोबाट २ देखि ३ घण्टामा साना सवारीबाट हेटौंडा-काठमाडौं यात्रा गर्न सकिनेछ ।

हेटौंडाबाट भैंसे-भीमफेदी-कुलेखानी हुँदै काठमाडौं जाने छोटो बाटोलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिनुलाई सकारात्म मान्नुपर्छ । यो बाटोको निर्माणले प्रदेशका अन्य जिल्लाका मानिसलाई राजधानी हेटौंडा आउन र हेटौंडाका मानिसलाई संघीय राजधानी काठमाडौं जान निकै सहज हुने निश्चित छ । संघीय र प्रदेश राजधानी जोड्ने छोटो बाटोको स्तरीकरणले यात्रालाई छिटो र सहज बनाउनुका साथै उक्त मार्गमा हुने गरेको दुर्घटनाको जोखिम कम गराउने विश्वास गर्न सकिन्छ । निर्माणाधीन कान्ति लोकपथले पूर्णता पाएर काठमाडौं-तराई मधेश द्रुतमार्गसमेत निर्माण सम्पन्न भएपछि हेटौंडा-काठमाडौंबीचको आवागमन थप सहज हुने आशा गर्न सकिन्छ । अझ प्रदेश सरकारले निर्माण गर्ने भनेको प्रादेशिक चक्रपथको योजना कार्यान्वयन भएमा प्रदेशका सबै जिल्लाबाट राजधानी हेटौंडासम्मको पहुँच सहज हुने देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पारिवारीक सम्बन्धमा आँच आउने योग देखिन्छ ।
**वृष** : आकस्मिक रुपमा स्वास्थ्यमा समस्या आउन सक्छ ।
**मिथुन** : बौद्धिक क्षमताका कामबाट लाभ प्राप्त योग होला ।
**कर्कट** : सहयोगी हातहरु पछि हट्न सक्ने योग ।
**सिंह** : काममा जाँगर चल्ने हैन धैर्यता लिँदा राम्रो ।
**कन्या** : सन्तति र बन्धुबान्धवहरुबाट सहयोग प्राप्त ।
**तुला** : क्षणिक उन्माद र आवेगलाई नियन्त्रण गर्दा राम्रो ।
**वृश्चिक** : बोलीको विपरीत अर्थ लाग्न सक्ने समयको योग ।
**धनु** : विचार र योजनालाई रचनात्मक रुप दिन सकिएला ।
**मकर** : स्वास्थ्य क्षेत्र सबल रहेपनि खर्च बढ्ला ।
**कुम्भ** : नयाँ ठाउँमा धन लगानी गर्ने अवसर आइपर्ला ।
**मीन** : मातृपक्षको स्वास्थ्य क्षेत्रमा आघात आइपर्ला ।

# ...अनि माओवादीको ढाड भाँचियो



गोपाल किरांती

'के सोचेथें जिन्दगीमा, के-के भयो आज' भन्ने गीत जस्तै अवस्था छ अहिले ।

२०७४ सालमा प्रचण्डहरु माओवादको सिद्धान्त र पहिचानको मुद्दा छाडेर एमालेतर्फ जानुभयो, हामी गएनौं । हामी उहाँहरुले छाडेर गएको पार्टी नेकपा (माओवादी केन्द्र) पुनर्गठनमा लाग्यौं ।

तर, २०७७ फागुन २३ गते सर्वोच्च अदालतले उहाँहरुलाई पुरानै अवस्थामा फर्काएपछि हामी पार्टीको नाम र चुनाव चिह्न फेर्न बाध्य भयौं । माओवादी कम्युनिष्ट पार्टी, नेपाल पुनर्गठन गरेर आफ्नो प्रयास जारी राखेका छौं ।

मोहन वैद्य, धर्मेन्द्र बास्तोला, शान्तबहादुर नेपाली नेतृत्वको दलहरुसँग मिलेर स्थानीय तह र प्रतिनिधिसभाको चुनाव बहिस्कार गर्‍यौं । तर, हामीले गर्नेबित्तिकै उल्लेख्य प्रगति भइहाल्ने कुरा भएन । त्यही क्रममा असोज पहिलो हप्ता मलाई डेंगु लाग्यो, खट्न सकिनँ ।

चुनावमा राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीले हासिल गरेको स्थानले हामीलाई गम्भीर बनाएको छ । गणतन्त्र, संघीयता, समानुपातिक प्रणालीमा देश प्रवेश गरेको छ । यो जनयुद्धको उपलब्धी हो, रक्षा गर्नुपर्छ । त्यसमाथि चुनौती देखा परेपछि हामी विभिन्न समूहसाग छलफल गरिरहेका छौं ।

व्यक्तिगत रुपमा म आफूलाई सफल राजनीतिक कार्यकर्ता ठान्छु । स्वतन्त्र रुपमा आफ्नो विचार राख्छु । कयौं योद्धाको जीवनी पढ्दा योद्धा बन्ने चाहना भयो, नेता भइयो । सुरुमा प्रचारक थिएँ, पछि थोरै विचारक र संगठनकर्ता भएँ ।

हामीले पूर्वमा किरात वर्कस पार्टी बनाएर आन्दोलन गर्दै गर्दा जनयुद्ध घोषणा भयो । २०५२ फागुन १३ गते विज्ञप्ति निकालेर त्यसलाई सर्मथन गर्‍यौं । त्यसपछि नजिकिदै धेरै छलफल गर्‍यौं अनि माओवादी भयौं ।

माओवादी बनेपछि तुलनात्मक रुपमा ठूलो संगठनको नेता-कार्यकर्ता भइयो । यद्यपि, व्यवस्थापन र संगठनको हिसाबले अहिले म निकै पछि परिसकेको छु । खाली विचारकजस्तो मात्र भएको छु ।

माओले 'विचारधारा र कार्यदिशा सही भए त्यसले सही स्थिति निर्धारण गर्छ' भन्नुभएको छ । त्यसैले, विचार र राजनीतिक कार्यक्रममा जोड दिइयो । पछिल्लो समय दर्शन र वैज्ञानिक समाजवादमा धेरै ध्यान दिएँ । त्यसमा राम्रै दक्षता राख्छु । राजनीतिक अर्थशास्त्रमा भने मेरो अध्ययन कम छ । संगठन र व्यवस्थापनमा राम्रो भूमिका खेल्न सकेको छैन ।

### प्रचण्डसँग सम्बन्ध विच्छेद

युद्धभर म प्रचण्डनजिक भएँ । हामीबीच अन्तर्संघर्ष होइन, सहकार्य भए । २०७४ असोज १६ गतेको पेरिसडाँडा बैठकबाट भने उहाँसंग मेरो मतभेद सुरु भयो । माओवादीको एमालेकरणलाई लिएर मतभेद भएपछि प्रचण्डले २१ असोजमा बोलाउनुभयो, सवा २ घण्टा छलफल गर्‍यौं । छलफलका क्रममा मैले 'तपाई मनोगतवादी बन्दै हुनुहुन्छ' भनें ।

त्यसपछि २०७७ चैत पहिलो हप्ता प्रचण्डलाई भेट्यौं । अदालतले पार्टीलाई पुरानै अवस्थामा फर्काइदिएको बेला थियो त्यो । हामीले 'सर्वहारा सांस्कृतिक रुपान्तरणको सामूहिक प्रतिवद्धता र समाजवादको स्पष्ट कार्यक्रम स्वीकार गरे हामी नजिकै छौं' भन्यौं । उहाँ तयार हुनुभएन ।

अहिले उहाँहरु पार्टीको नाम र चुनाव चिह्न फेर्ने कुरा गरिरहनुभएको छ । २०७२ मा बाबुराम र ०७४ मा प्रचण्डले माओवाद त्याग्नुभयो । पुँजीपति वर्गको पार्टी बनाउन प्रचण्ड सहमत भएपछि बाबुराम फर्कंदै हुनुहुन्छ । यसमा कुनै आश्चार्य भएन ।

०७७ चैतमा प्रचण्डसँग छुट्ने बेला साथीहरुले मलाई अब के गर्नुहुन्छ भनेर सोध्दा मैले 'सके क्रान्ति सम्पन्न गर्ने, नसके पुष्पलाल बन्ने, विचारको रक्षा गर्ने' जवाफ दिएको थिएँ । २७ वर्ष सँगै काम गरेका साथीहरुसँग छुट्दा मन अमिलो भएको थियो ।

हामी के गरौं भनेर सोध्ने साथीहरुलाई मैले 'सुःख पाउने हो भने उता जानुहोस्, दुःख पाउने हो भने यता आउनुहोस्' भनेको थिए । कोही साथीले दुःखको बाटो रोज्नुभएन । अहिले प्रचण्डसँग धेरै मान्छे छन् । अहिले मेरो प्रश्न छ, 'मान्छे थुपारेर हुन्छ, विचार भए पो ?'

तर, प्रचण्डलाई पनि सुख छैन । कि मिल्नै हुँदैन्थ्यो, मिलेपछि ओलीसँग बाझ्न हुँदैन्थ्यो । उहाँले अहिले आएर दौरा सुरुवाल लगाउनु भयो, यो सामान्य होइन । उहाँमा गम्भीर विचलन आएको छ । अहिले चलिरहेको उहाँको प्रहसन दुखान्तमा पुग्छ भन्ने लाग्छ । हामी पूर्व सहयोद्धाका तर्फबाट कामना रहन्छ– अझै बुद्धि पुर्‍याउनुहोस् ।

हिजोको हाम्रो नेता, आज देशका प्रधानमन्त्री । उहाँले राम्रो गर्दा नै देशले सुख पाउँछ । उहाँ इमान्दार बन्न सक्दा गणतन्त्रलाई मद्दत पुग्छ । नभए गणतन्त्र उहाँको शिकार बन्ने खतरा छ ।

### वाम विर्सजन थियो वैद्यको विभाजन

प्रचण्ड र बाबुरामले क्रान्ति छोडेपछि म गर्छु भनेर २०६९ मा मोहन वैद्यले पार्टी विभाजन गर्नुभयो, तर विभाजनको औचित्य पुष्टि गर्न सक्नुभएन । त्यहीबेला माओवादी पार्टीको ढाड भाँचियो ।

खिलराज रेग्मीलाई मन्त्रिपरिषद अध्यक्ष बनाएपछि माओवादीको गर्धन छिनियो । वैद्यको विभाजन बाम विर्सजन थियो । २०७४ मा एमालेसँग मिल्न जानु प्रचण्डको दक्षिणपन्थी विर्सजनवाद थियो । दक्षिणपन्थी विर्सजनवादमा सिद्धियो माओवादी ।

२०६९ जेठ २ गते माओवादी, कांग्रेस र एमालेबीच संविधान बनाउने सहमति भएको थियो । संयुक्त पहिचानयुक्त नाम भएको ११ प्रदेश बनाउने सहमति थियो । जस्तो–तामाङसालिङ–इन्द्रवती, नेवा–बागमती । त्यस्तै, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसदबाट निर्वाचित प्रधानमन्त्री हुने मिश्रित प्रकारको शासकीय स्वरुपमा सहमति जुटेको थियो । राष्ट्रपति र प्रधानमन्त्रीबीच अधिकार बाडफाँट हुने भन्ने थियो ।

वैज्ञानिक समाजवादमा मात्र प्राप्त हुने दलित अधिकारबारे ६ वटा उपबुँदा राख्ने सहमति थियो । माओवादी ठूलो पार्टी भएकाले बाबुराम भट्टराईको नेतृत्वमा संविधान जारी गर्न राष्ट्रिय सहमतिको सरकार बनाउने सहमति थियो । जेठ १४ भित्र संविधान जारी गर्न सबै सहमत थिए ।

वैद्यहरु जनवादी संविधान चाहनुहुन्थ्यो, जुन सम्भव थिएन । अधिकतम प्रगतिशील संविधान सम्भव थियो, तर त्यो पनि प्रचण्डहरुका कारण रोकियो । माओवादीभित्रको असहमतिकै कारण संविधान नबन्ने भयो भन्ने निष्कर्षमा कांग्रेस र एमाले पुगेपछि पहिलो संविधानसभा विघटन भयो ।

दोस्रो संविधानसभामा माओवादीको उपस्थिति साह्रै कमजोर भयो । गणतन्त्र नै नरहने खतरा भयो । महाभूकम्पपछि प्रचण्डले 'गणतन्त्रको संविधानबाहेक माओवादीलाई केही चाहिंदैन, संविधान जारी गरौं भनेर सहमति गर्नुभयो ।

पहिलो संविधानसभाले बनाएको भए अधिकतम प्रगतिशील संविधान बन्थ्यो । दोस्रो संविधानसभाबाट कम प्रगतिशील संविधान बन्यो ।

### पाँच नेता, केही टिप्पणी

२०६० सालमा माओवादी केन्द्रीय समिति बैठकले 'एक्काइसौं शताब्दीको जनवाद' भन्ने दस्तावेज अनुमोदन गरेको थियो । प्रचण्डले लेखेको त्यो दस्तावेजमा 'क्रान्ति गर्ने र प्रतिक्रान्ति रोक्ने अनि विचारको विकास गर्ने काम माओको निधनसँगै अवरुद्ध भएको' उल्लेख छ ।

त्यसलाई तोडेर अघि बढ्ने ऐतिहासिक कार्यभार हुनेछ भन्ने पनि त्यसमा थियो । त्यसबाट म निकै आशावादी थिएँ । तर, त्यति बेलाको नेतृत्व प्रचण्ड, बाबुराम, वैद्य र वादलले विचारको विकास गर्ने प्रयत्न गर्नुभएन ।

संगत र अध्ययनका आधारमा माओवादी आन्दोलनका प्रमुख पाँच नेतामाथि मेरा केही टिप्पणी छन् ।

प्रचण्डः डटी लड्ने र नथाक्ने उहाँको सबल पक्ष हो । सुझाव मन नपर्ने उहाँको दुर्बल पक्ष हो । आफ्नो परिवारको आलोचना पनि उहाँ मन पराउनुहुन्न । उहाँले वर्ग छोडेर ठूलो गल्ती गर्नुभयो ।

आजकाल प्रचण्डलाई वैचारिक छलफलम नै पर्दैन । जनयुद्धमा 'राज्य सत्ताबाहेक सबै भ्रम हो' भनिन्थ्यो । अहिले उहाँले 'प्रधानमन्त्री र मन्त्रीबाहेक सबै भ्रम हो' भन्ने रुपमा त्यसलाई दुरुपयोग गर्दै हुनुहुन्छ ।

मोहन वैद्यः विचार र सिद्धान्तप्रति निष्ठावान हुनुहुन्छ । यो उमेर र अवस्थामा पनि क्रान्ति भन्नुहुन्छ । यो बहुत सम्मानको कुरा हो, तर उहाँले पार्टी विभाजन गर्नुहुँदैन्थ्यो । वैद्यले माओवादी विभाजनको औचित्य पुष्टि गर्न सक्नुभएन, सक्नुहुन्न । उहाँको नेतृत्वमा अब क्रान्ति हुन सक्तैन ।

बाबुराम भट्टराईः 'लाइन संघर्ष' मा असाध्यै खप्न सक्ने नेता हो, उहाँ । उहाँले जसरी प्रचण्डले खप्न सक्नुहुन्न । उहाँलाई साथीहरु बेला–बेला 'महादेव, महादेव' भन्थे ।

२०६१ माघमा रुकुमको लावाङमा भएको पोलिटब्यूरो बैठकले उहाँलाई कारवाही गर्‍यो । सहयोगीको रुपमा हिसिला यमीलगायत चार जनालाई पनि पार्टी सदस्य सम्म रहनेगरी कारवाही गरियो । बैठक चलिरहेकै बेला प्रचण्डले उहाँलाई भन्नुभयो, 'ल हाम्रो पार्टी परम्परा अनुसार बैठकबाट बाहिर जानुहोस् ।'

त्यसपछि बाबुराम र हिसिला झोला टिपेर निस्कनुभयो । निस्कदै गर्दा बाबुरामले भन्नुभयो, 'कमरेडहरु मलाई महादेव भन्नुहुन्छ, आजदेखि यिन (हिसिला यमी) नाम सतिदेवी भयो ।'

हिसिलाको एउटा उपनाम पार्वती भएकाले बाबुरामलाई महादेव भनिदो रहेछ । त्यत्रो सहनशीलाता हुनु गजबको कुरा हो । वर्ग दृष्टिकोणमा पुँजीवादी गणतन्त्रबाहेक अगाडि नबढ्ने बाबुरामको समस्या हो ।

प्रचण्ड अलि ढंग पुर्‍याएर, बाबुराम ढंग नपुर्‍याई रिसाउनुहुन्छ । गोपाल किराती र बाबुरामको रिस तुलना गर्दा बराबर हुन्छ ।

रामबहादुर थापा बादलः नेकपा विभाजनपछि बादल माओवादीमा फर्किनुभएन । त्यो ठूलै दोष हो भन्ने मलाई लाग्दैन । प्रधानमन्त्री पदका लागि ओलीलाई नेता मान्न प्रचण्ड त हाम फालेर बालकोट पुग्नुभयो ! समग्रमा भने बादलको त्यो ठूलो विचलन हो ।

बादल विषयवस्तुलाई अत्यन्त सैद्धान्तिक रुपले राख्ने र प्रकाश पार्न सक्ने नेता हो । आलोचना सहने क्षमता भने बाबुरामको भन्दा बढी छ । समयले खुट्टा उचालेको उहाँ थाहा पाउनुहुन्न । थाहा पाए पनि खुट्टा उचाल्नुहुन्न । त्यसले गर्दा उहाँलाई नेतृत्व गर्न गाह्रो पर्छ । उहाँ 'सेकेन्डम्यान' भएर बस्ने खुबी भएको नेता हो ।


विप्लवः विद्यार्थीकालदेखि नै माओवादी धारका विप्लवले जनयुद्धको बेला साह्रै प्रभावकारी भूमिका खेलेजस्तो लाग्छ मलाई । सैद्धान्तिक ज्ञान भएका, अध्ययनशील र राम्रो जीवनशैलीका नेता उहाँ हाम्रो पुस्ताका अध्यक्ष हुन् भन्ने मलाई लाग्थ्यो ।

तर, उहाँले प्रतिशोधको राजनीति गर्नुभयो । प्रचण्डको प्रतिशोध, 'यसलाई देखाइदिन्छु' भन्ने । त्यसपछि वैद्य र बादलसँग प्रतिशोध । 'महापतन' भन्ने पुस्तकमा बेक्कार किन बादलको 'छाला काढेको' होला ?

विप्लवले वस्तुसंगत कदम चाल्नुभएन । केही वर्ष पहिलेको उहाँको 'एकीकृत जनक्रान्ति' ठ्याक्कै जनयुद्धको नक्कल थियो । अहिले आएर मलाई उहाँ बस्तुवादी हैन भन्ने लागेको छ ।

(माओवादी कम्युनिष्ट पार्टी, नेपालका अध्यक्ष किरातीसँग अनलाइनखबरका रामकुमार डिसीले गरेको कुराकानीमा आधारित ।)

# बुहारीलाई 'तँ', ज्वाईलाई 'हजुर !'



सविता पौडेल

यसै शीर्षकमा केही समयअघि एउटा लेख पढेको थिएँ । आज मलाई पनि यसै विषयमा लेख्न मन लाग्यो किनकि यो हरेक विवाहित महिलाको जीवनमा घटेको तर धेरैले नबोलेको र बोल्न नखोजेको विषय हो र यो विषयमा अझ धेरै छलफल हुनु जरूरी छ ।

**दृष्टान्त १**ः ऊ घरको ढोकाभित्र छिर्छ । गमक्क परेर सोफामा बस्छ । ऊ आएको खबर भुसको आगो सरी घरभरि फैलन्छ । घरकी बुढी हजुरआमादेखि बच्चासम्म सबै हक्कानिंदै स्वागत सत्कार गर्न आइपुग्छन् । मानौं, उनीहरु छिटो आएर खुट्टा ढोग्ने, नमस्कार भन्ने, हाल–खबर सोध्ने गरेनन् भने त्यहाँ प्रलय आउँछ । उसले के खायो, खाएन सबैको चासोको विषय बन्छ । उसको हाल खबर के कस्तो छ, निकै चिन्ताका साथ सोधिन्छ । उसको जिन्दगी कसरी व्यतित भइराखेको छ, केही बाधा ब्यवधानहरु छन् कि छैनन् भने त्यहाँ समाधानको पनि चर्चा हुन्छ ।

**दृष्टान्त २**ः ऊ घरभित्र पस्छ । ऊ त्यहाँ, त्यतिबेला आएकोमा कसैलाई रिस उठेको छ, ऊ किन भनेको समयमा आएन । उसले लिएर आऊ भनेको कुरा किन ल्याएन । उसलाई आदर सत्कार गर्ने कुरामा कसैलाई चासो छैन । ऊ पनि आत्तिएको छ । कसैले मलाई केही भन्छन् कि खोट लगाउँछन् कि, मबाट कमी–कमजोरी भयो कि भन्ने भयमा छ ।

ऊ भोकै छ कि भनेर कसैलाई मतलब छैन, किनकि ऊ त अरुलाई खुवाउन र केवल अरुको बारेमा मात्र चिन्ता गर्न बनेको मानिस हो । उसका जिन्दगीका पलका तिता–मिठा घटना, अप्ठ्याराका बारेमा कसैले चासो राख्दैन । मानौं, उसका भावनाहरु सुनाउन र सुन्न लायक नै छैनन् या भनौं ती भावनाहरु नक्कली, बनावटी हुन् ।

दृष्टान्त १ को 'ऊ' को हो भनेर सजिलै पत्ता लगाउनुभयो होला । हो, ऊ ज्वाई हो । हाम्रो समाजको आदर्श पुरूष हो । भगवान हो, महापुरूष हो । जसले आजसम्म कुनै गल्ती गरेको छैन र गर्नेछ भनेर कसैले सोचेको छैन जसलाई कसैले घृणा र प्रश्न गर्दैन । सबै ऊसँग दंग छन् । ऊ नबोले पनि हुन्छ, उसैलाई कोट्याएर बोलाउँछन् । ऊ नहाँसे पनि हुन्छ, 'मैले केही बिराए कि हजुर' भन्दै उल्टै पाऊ पर्छन् । यसो भनौं न, उसलाई जे गर्न पनि छुट छ । उसलाई कसैले गुनासो गर्दैन र उसको कमीकमजोरी औंल्याउँदैनन् ।

दृष्टान्त २ को पात्र सोच्नुहोस् त को हो ? भेट्टाउनुभयो ? उसलाई भेट्टाउन गाह्रो छ किनकि ऊ त काल्पनिक पात्र हो, जो आजसम्म कहींकतै देखिएको छैन, सायदै देखिनेछ र देख्नु पनि नपरोस् ।

...बाँकी पृष्ठ ३ मा

# नवनिर्वाचित कार्यसमितिलाई प्रमाणपत्र वितरण

समाज संवाददाता

हेटौंडाः निर्माण व्यवसायी संघ मकवानपुरका नवनिर्वाचित कार्यसमितिलाई प्रमाणपत्र वितरण गरिएको छ। सोमबार एक कार्यक्रमको आयोजना गर्दै निर्वाचन संयोजक ईश्वरराज ढकालले नवनिर्वाचित कार्यसमितिलाई प्रमाणपत्र गर्नुभएको हो।

संघको २३ औं साधारण सभाबाट अध्यक्षमा बालगोपाल कँडेल, प्रथम उपाध्यक्षमा सागर कटुवाल, द्वितीय उपाध्यक्षमा भवनाथ अधिकारी, तृतीय उपाध्यक्षमा भिमसेन श्रेष्ठ र महासचिवमा राजेन्द्र चौलागाईं चयन हुनुभएको थियो। प्रमाणपत्र वितरण कार्यक्रममा संघका पूर्वअध्यक्ष ध्रुव कार्की, आनन्दराम पराजुली लगायतको उपस्थिति रहेको थियो।

# मकवानपुरमा तीन दिवशीय सालक दिवस मनाइने

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा तीन दिवशीय शालक दिवश मनाइने भएको छ। हरेक वर्ष फेब्रुअरी महिनाको तेश्रो शनिबार मनाइने विश्व सालक दिवश यो वर्ष मकवानपुरमा तीन दिवशीय कार्यक्रम गरेर मनाइने भएको हो।

यो वर्ष "सालक संरक्षणमा समुदायको नेतृत्व" भन्ने नाराका साथ तीन दिन विविध कार्यक्रम गरेर फागुन ४, ५ र ६ गते विश्व सालक दिवस मनाइने डिभिजन वन कार्यालय राप्तीका प्रमुख बिष्णु प्रसाद आचार्यले जानकारी दिनुभयो। डिभिजन वन कार्यालय राप्ती, डिभिजन वन कार्यालय मकवानपुर, साना जीवको पक्षमा काम गर्ने संस्था, र ग्रीनहुड नेपालको आयोजनमा विविध कार्यक्रमसहित दिवश मनाइने उहाँले बताउनुभयो।

प्रमुख आचार्यका अनुसार दिवशको अवसरमा फागुन ४ गते जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा सालक संरक्षणमा कार्यरत समुह, वनका कर्मचारी, विज्ञ, संचारकर्मी लगायत सरोकारवालाको सहकार्यमा पेङ्गुइन राउण्ड टेबल कार्यक्रम आयोजना हुनेछ। जसमा मकवानपुरमा सालक संरक्षणको विगतको अनुभव आदानप्रदान गरिने र आगामी दिनमा मकवानपुरमा गरिने सालकको विभिन्न कामको विषयमा छलफल गरिनेछ।

फागुन ५ गते डिभिजन वन कार्यालय राप्ती परिसर मनहरीमा बागमती प्रदेशका वन तथा वातावरण मन्त्री, जिल्ला समन्वय समिति प्रमुखलगायत स्थानीय तहका जनप्रतिनिधि, वन मन्त्रालय लगायत अन्य सरोकारवालाको उपस्थितिमा मुल कार्यक्रम गर्नुका साथै सालक संरक्षण सम्बन्धी गीत लोकार्पण हुनेछ। यसका साथै स्थानीय समुहद्वारा सालक संरक्षणका लागि तयार गरिएको खैजडी भजन सहितको नृत्य कार्यक्रम, कविता वाचन, सालक सम्बन्धी फेस पेन्टिङ, चेतनामुलक वृत्तचित्र प्रदर्शन, सालकको मुकुण्डोसहित प्रदर्शनलगायतको कार्यक्रम आयोजना हुने उहाँले बताउनुभयो। यस्तै तेस्रो तथा अन्तिम दिन फागुन ६ गते लामो समयदेखि सालक संरक्षणमा भूमिका खेल्दै आएको मकवानपुरको रानी र चुच्चेखोला सामुदायिक वनका उपभोक्तासँग छलफल कार्यक्रमको आयोजना गरिने आचार्यले बताउनुभयो।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

www.samriddhasamaj.com.np

# प्रणय दिवसमा मुक्तक वाचन

समाज संवाददाता

हेटौंडाः मुक्तक मञ्च मकवानपुरको आयोजनामा प्रणय दिवसको अवसरमा आठौं मुक्तक वाचन शृङ्खला भएको छ। मंगलबार साँझ भर्चुअल जुम मार्फत प्रणय दिवसको अवसरमा आठौं मुक्तक वाचन शृङ्खला भएको हो।

कार्यक्रम मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डिबि बर्तौलाको सभाध्यक्षता तथा मुक्तक मञ्चका केन्द्रीय समितिका सल्लाहकार रुपिन्द्र प्रभावीको प्रमुख आतिथ्यमा भएको हो। कार्यक्रममा मुक्तक मञ्च केन्द्रिय समितिका सल्लाहकार अल्पबिरामीको विशिष्ट आतिथ्य रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि प्रभावीले विभिन्न जिल्ला शाखाहरु मध्ये मुक्तक मञ्च मकवानपुर निकै क्रियाशील रहेको बताउनुभयो। मुक्तकको उत्थानका लागि केन्द्रीय समितिले सबै जिल्ला शाखाहरुमा साथ दिई अघि बढ्नु पर्ने सल्लाह उहाँले दिनुभयो। कार्यक्रममा ३० जनाले मुक्तक वाचन गरेका थिए। धेरै जसोले प्रेमिल मुक्तक वाचन गरेको थियो। कार्यक्रममा मुक्तक मञ्च केन्द्रीय समितिका अध्यक्ष रामजी प्रसाद आचार्य, केन्द्रीय समितिका सहसचिव श्रद्धा आचार्य, केन्द्रिय सदस्य अमृता पोखेल, किरण ढकाल, काठमाडौ शाखाका उपाध्यक्ष वसन्त पोखेल, मकवानपुर शाखाका सल्लाहकार दीपक गौतम, विश्वनाथ सन्जेल लगायतको उपस्थिति रहेको थियो।

# नर्सरी व्यवस्थापनसम्बन्धी घुम्ति तालिम

समाज संवाददाता

**हेटौंडाः मकवानपुर जिल्लाको थाहा नगरपालिका-१ स्थित कुलगाउँमा नर्सरी व्यवस्थापनसम्बन्धी स्थलगत घुम्ति तालिम सम्पन्न भएको छ। सोमबार कृषि तथा वन विज्ञान विश्वविद्यालय तथा कृषि ज्ञान केन्द्र, पालुङको संयुक्त आयोजनामा नर्सरी व्यवस्थापनसम्बन्धी स्थलगत घुम्ति तालिम सम्पन्न भएको हो।**

**व्यावसायिक तरकारी खेतीका लागि नर्सरी व्यवस्थापनसम्बन्धी स्थलगत घुम्ति तालिम भएको कृषि ज्ञान केन्द्र, पालुङका कृषि विज्ञ कृष्ण बिष्टले जानकारी दिनुभयो। तालिममा कृषकहरुलाई मौखिक र प्रयोगात्मकरुपमा तरकारी बालीअनुसार नर्सरी व्यवस्थापन कसरी गर्ने भन्नेबारेमा तालिम भएको बिष्टले बताउनुभयो।**

**स्थलगत घुम्ति तालिममा ३० जना कृषकको उपस्थिति रहेको थियो। तालिममा कृषि प्राविधिकको रुपमा कृषि विज्ञ कृष्ण बिष्ट, संगीता खतिवडा, सानु गौतमले पनि सहजीकरण गर्नुभएको थियो। कृषि ज्ञान केन्द्र पालुङले हाल थाहा नगरपालिकाको विभिन्न वडाहरुमा स्थलगत घुम्ति तालिम सञ्चालन गरिरहेका छन्।**

# बुहारीलाई 'तँ'...

**तर यो पात्रलाई 'उनी' बनाएर हेर्नुभो भने हरेक घरमा 'बुहारी'को रुपमा भेटिने पात्र हुन्। जसका खोटैखोट मात्र छन्। यो लेखमा नअटाउने उसका कमी-कमजोरीहरु छन्। ऊ बोल्न जान्दिन, बाङ्गो हिंड्छे, मीठो पकाउँदिन, समय व्यवस्थापन गर्न जान्दिन, परिवार मिलाउने ल्याकत छैन, पैसा कमाउादिन तर बसी बसी खान्छे, पहिरन अचम्मको लगाउँछे, श्रीमानको टाउको दुखाछे, पैसा कमाए भनेर फूर्ति लाउछे, हेप्छे, बच्चालाई ठिकसँग हेर्दिन, सासू-ससुराको आदर गर्दिन। गल्तीका कुनै सीमा-रेखा नै छैनन्। ऊ मानौं, अवगुणले मात्र भरिएकी छे।**

**के यो 'ऊ' पात्रको कुनै अवगुण नै छैन ? के ऊ अलौकिक हो ? 'ज्वाई' तपाई हाम्रै घरको भाइ- दाइ, छोरा, भतिजा, बुवा, काका हो। के उनीहरु बत्तीस नै लक्षणले युक्त छन् ? घर भित्रको काम कति गर्छन् ? बच्चाको हेरचाहमा कति समय खर्चछन् ? के कसैसँग मनमुटाव नै राख्दैनन् ? झगडा र मुक्का-मुक्की गर्दैनन् ? के सबैसँग मृदुभाषी छन्, सबैलाई समान व्यवहार गर्छन् ? समय व्यवस्थापन कस्तो छ ? कार्यक्षेत्रमा कत्तिको अब्बल छन् ? कति कमाउँछन र कति बचत गर्छन् ?**

**यी सबै काम-कर्तव्यहरुमा 'ऊ' सतप्रतिशत छैन र हुनै सक्दैन। तपाई हाम्रा दाइ-भाइहरु बिहानै उठेर पुजाभाडा माझ्ने र घरमा कुचो-पोछा लगाउने गर्दैनन्। काका र बुवाहरु आफैं खाना पकाएर, पस्किएर, खाएर अफिस जान मुश्किल छ। बच्चाले दिसा- पिसाब गर्यो भने बच्चा श्रीमतीको काखमा थमाइदिने धेरै श्रीमानहरु छन्। भाइहरुलाई डेराको काम र कलेजको पढाइ ब्यबस्थापन गर्न हम्मे हम्मे पर्छ।**

**कार्यक्षेत्रमा भलै 'पुरुष हाकिम' हरु धेरै छन्, आफ्नो काममा महिलाहरु पुरुषभन्दा बढी नै लगनशील र कटिबद्ध हुन्छन् भनेर धेरै अध्ययनहरुले देखाएको छ।**

**त्यसो भए 'ऊ' भगवान जस्तो कसरी भयो ? उसलाई गर्ने व्यवहार किन राजालाइ गर्ने जस्तो भयो ? किन ऊप्रति यति उदारवाद र अर्को लिङ्गप्रति यति धेरै वैरभाव ?**

**हाम्रा यिनै एक्लै घर सम्हाल्न नसक्ने बुवा र काकाहरु कसरी आमा र काकीको पालनपोषण गर्न सक्षम हुन्छन् र 'पालनहार' बन्छन् ? समय व्यवस्थापन गर्न नसक्ने, आफ्नो कार्य दक्षताका साथ गर्न नसक्ने दाइ-भाइ कसरी 'महापुरुष' कहलिन्छन् ? बच्चाको पूरा हेरविचार गर्न नसक्ने ज्वाई कसरी नाति र नातिनीलाई नाम दिनसक्ने लायक बन्छ ? हाम्रा यिनै 'अपूर्ण' बुवा, काका, दाइ-भाइ, मामाहरु कसरी 'पूर्ण' ज्वाई बन्छन् ? यी पूर्ण होइनन्, यिनलाई उच्च कोटीमा हाम्रो पितृसत्ताले राखेको छ।**

**बिहे गरेर केटाको घरमा जानुपर्ने र सम्पत्तिको अधिकार माइतीबाट नपाउने विभेदका अरु कारणहरु हुन जस्तो लाग्छ।**

**बुहारीलाई 'तँ' र ज्वाईलाई 'हजुर', 'साब' यही व्यवहारको उपज हो। जोप्रति कुनै समभाव नै छैन, सम्मान नै छैन, उसलाई किन आदरार्थीले सम्बोधन गरिन्छ ? जसका जहिले पनि खोट औंलाइन्छन् र कहिले पनि बराबर स्थान र अस्तित्व छ भनेर स्वीकारिंदैन भने कसरी प्रेमपूर्वक बोलिन्छ ? कसैको आत्मसम्मानको कदर गरिंदैन भने कसरी सौहार्दपूर्ण व्यवहार गरिन्छ ? कमै घरमा समान व्यवहारले हेरिएको छ र कतिपय अवस्थामा त अमानवीय व्यवहारसम्म गरिन्छ जुन हरेक दिनका घरेलु हिंसाका घटनाबाट जगजाहेर नै छ।**

**मान्छे सर्वगुण सम्पन्न कहाँ छ ? न बुहारी छ, न त ज्वाई नै हुनसक्छ। तर समाजले किन ज्वाई सर्वगुणले भरिएको देख्छ र बुहारीको गुण नै देख्दैन ? मानौं कि बुहारीले उसका गुणहरु जोगाइ रहनुपर्छ, अझै गुणवान भन्दै जानुपर्छ, उसमा गुणहरु थपिंदै जानुपर्छ, उसलाई गल्ती गर्न छुट छैन, मानौं भगवान भन्नुपर्छ।**

**भगवान बनिन भने ऊ त मानिस नै रहन्न, त्यसपछि त तपाईंका नियमहरु उसलाई केही पनि लाग्दैन। मानव हो भने, ऊजस्तो छ, त्यस्तै स्वीकार्नुस्, जसरी ज्वाईजस्तो भए पनि स्वीकार्दै आउनुभएको छ र स्वीकार्ने मात्र होइन, दोषहरु नजरअन्दाज गर्दै आउनुभएको छ।**

**यो लेखको उद्वेश्य आधा जनसंख्या भएका महिलाप्रति हुने असमान व्यवहार उजागर गर्नु हो र त्योभन्दा महत्वपूर्ण उद्वेश्य समतामूलक समाज बनोस् भन्ने हो। जहाँ कुनै नारीले भेदभाव महसुस गर्न नपरोस्, जहाँ महिलाहरु हरसमय खुसी, सुखी र शान्त रहून् र त्यो जब हुन्छ तब सह अस्तित्व स्वीकार गरिन्छ। कतै देख्नुभाको छ कमजोरी बिनाको मानिस ? कमजोरी बिनाको मानिस भेट्टाउनुहोस् अनि मात्र सर्वगुण सम्पन्न बुहारी खोज्नुहोस्।**

*(स्रोतः सेतोपाटी)*

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषिज्ञान केन्द्र

भरतपुर, चितवन

**कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्धन कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना**

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/११/०२ गते)*

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको यान्त्रिकरण तथा प्रविधि प्रवर्धन कार्यक्रममा सहभागी हुन चितवन र मकवानपुर जिल्लाका इच्छुक कृषक समूह, कृषि सहकारी, निजि कृषि फर्म तथा कृषि उद्यमीहरुले यो सुचना प्रकाशित भएको तीस दिन (मिति २०७९/१२/०१) सम्म कार्यालय समयमा यस केन्द्रमा देहाय बमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा जानकारी गराईन्छ। कृषि ज्ञान केन्द्र, चितवनको इमेल akcchitwan@gmail.com मार्फत समेत प्रस्ताव पेश गर्न सकिने छ। मकवानपुर जिल्लाका प्रस्तावकहरुले कृषि विकास निर्देशनालय, हेटौडामा रहेको कृषि ज्ञान केन्द्र चितवनको सम्पर्क कार्यालयमा (सम्पर्क ब्यक्ति सुजन तिवारीः ९८४७१४७२२२) समेत प्रस्ताव पेश गर्न सकिनेछ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बिनियोजित बजेट | साझेदार संस्था | स्वीकृत कार्यविधि |
|---|---|---|---|---|---|---|
| १. | यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम | संख्या | ७५ | ७५ लाख | कृषक समुह, कृषि सहकारी, निजि कृषि फर्म, कृषि उद्यमी | यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |

**पेश गर्नुपर्ने कागाजातहरूको विवरण कागजातहरू**

१. रु १०/- को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिमको निवेदन,
२. अनुसुची-३ बमोजिमको प्रतिबद्धता पत्र,
३. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि,
४. दर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. संस्था नवीकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिकष्ट्रारको कार्यलयबाट गरिने कम्पनी अधावधिक भएको पत्र,
६. आवेदकको प्यान वा भ्याट प्रमाणपत्रको प्रतिलिपि,
७. संस्थाको हकमा निर्णयको प्रतिलिपी।
८. सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फोटो १ प्रति (पासपोर्ट साईजको फोटो) तथा अख्तियारी पत्र।
९. कार्यविधिको अनुसूची ४ मा तोकिए अनुसार जग्गाको मापदण्ड (लालपुर्जा वा जग्गा करार सम्झौताको प्रतिलिपि)

**नोटः-** कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ। साथै अनुसूची २ बमोजिमको प्रस्ताव तथा कार्यक्रम सम्बन्धी अन्य जानकारीको लागि कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट https://molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेबसाइट http://doad/bagamati/gov/np बाट डाउनलोड गरी हेर्न सकिनेछ।

**दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०७९/११/०३ गते)*

यस विद्यालयको बालबिकास केन्द्र स्तरोन्नतिका लागि आवश्यक सामग्री खरिद गर्ने प्रयोजनका लागि बालबिकास केन्द्रमा प्रयोग हुने विभिन्न खेल सामग्री तथा फर्निचर आवश्यक भएकोले बस्तु तथा सेवा प्रदायक संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातसहित दरभाउ पत्र पेश गर्नुहुन अनुरोध छ। दरभाउपत्र विद्यालयमा रु. १,०००/- तिरी खरिद गर्न सकिने छ।

**श्री गोरक्षनाथ माध्यमिक विद्यालय**

**हेटौंडा-१८, फुर्केचौर, मकवानपुर**

**९८४५२८७३९८**

**कर्जा चुक्ता गर्न जारी गरिएको १५ दिने सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०७९/११/०३ गते)*

यस टिपिकल बचत तथा ऋण सहकारी संस्था लि. को ऋणी सदस्यहरुले विभिन्न समयमा लिनुभएको ऋणको साँवा-व्याज शर्त बमोजिम यस साकोसमा समय-समयमा दाखिला गर्नुपर्नेमा त्यसो नगरी हालसम्म साँवा, व्याजको रकम नबुझाई कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएको र सो सम्बन्धमा पटक-पटक लिखित, मौखिक, टेलिफोन, घरदैलोबाट समेत ताकेता गर्दा पनि ऋण तिर्न बेवास्ता गर्नुभएको तथा सम्पर्कमा पनि नआएकोले हालसम्म बाँकी रहेको ऋणको साँवा, व्याज र हर्जानासहित यथाशिघ्र तिर्न आउनुहुन बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिने सूचना जारी गरिएको छ।

यदि उक्त समयमा पनि नआएमा कानुन बमोजिम आवश्यक प्रक्रिया अघि बढाइने, कर्जा सूचना केन्द्रमा सुचीकृत गर्ने, सामाजिक संजाल मार्फत तथा सार्वजनिकस्थलमा नाम टाँस गर्ने र पत्रपत्रिका मार्फत पनि नाम सार्वजनिक गर्ने जस्ता कार्यहरु अवलम्बन गर्न संस्था बाध्य हुने र यसबाट ऋणी सदस्यहरुको मान-मर्यादामा आँच पुग्न गए ऋणी सदस्य आफैं जिम्मेवार रहने तथा यस सम्बन्धमा संस्थाको कुनै प्रकारको जवाफदेही नहुने पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**बद्री पण्डित (का.प्र.)**

**टिपिकल बचत तथा ऋण सहकारी संस्था लि.**

**सम्पर्क नं. ०५७ ५२६५८८, ९८०२४३१४६८**

**मुख्य कार्यालय, हेटौडा-२, ओमभवन, कान्तिलोकपथ।**

**श्री जनप्रिय माध्यामिक विद्यालय**

**(प्राविधिक शिक्षालय)**

**हेटौंडा १६, हटिया चिसापानी**

**प्रशिक्षक आवश्यकता**

*(सूचना प्रकाशित मिति : २०७९/११/०३ गते)*

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुर मा विद्यालय व्यवस्थापन समितिको मिति २०७९/११/०१ गते बसेको बैठकको निर्णय अनुसार विद्यालयको लेखा तथा प्रशासनिक कामको लागि करार सेवा (निजीस्रोत) मा लेखा अधिकृत एक (१) जना पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा तपसिल बमोजिमको आधारमा दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आहवान गरिएको छ।

**तपसिलः**

**विज्ञापन नं. ९/७९-८०**

पदः लेखा अधिकृत (तृतीय श्रेणी)
सेवाः लेखा प्रशासन (करार सेवा, निजी स्रोत)
संख्याः १
शैक्षिक योग्यताः B.B.S वा सो सरह उतीर्ण भएको।
(आर्थिक ऐन नियम जानेको, विद्यालय सफ्टवेयरमा एकाउण्ट राख्न सक्ने, I.T., नेटवकिङ्गको राम्रो ज्ञान भएको, खरिद प्रकृया आदिको कार्य गर्न सक्ने दक्ष एवं अनुभवी)।
उमेरः २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।
दरखास्त दिने अन्तिम मितिः २०७९/११/१७ गते।
फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सम्म दरखास्त बुझाउन सकिनेछ।
सम्पर्क मितिः २०७९/११/१८ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ।
विशेष प्राथमिकताहरुः अनुभविलाई विशेष ग्राहयता दिईनेछ।
तलव सुविधाः विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरूः**

कर्मचारीको लागिः एस ई ई, देखि माथिका सबै कक्षा उत्तीर्ण लब्धाकं पत्र एवं चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति, नेपाली नागरीकताको प्रतिलिपी १ प्रति, फोटो २ प्रती।
साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. १,५००/- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक भौचर संलग्न राखी बुझाउनुपर्नेछ।

**सम्पर्कः ०५७-५३०१२२, ९८४५२३४७५५**

**शिक्षक छनौट समिति-२०७९**

**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**

**हेटौंडा-१६, हटिया चिसापानी**

# बकैया कला-साहित्य महोत्सव फागुन ८ र ९ गते हुने

समाज संवाददाता

हेटौंडा: झरना साहित्यिक परिवार मकवानपुरको आयोजनामा बकैया कला-साहित्य महोत्सव-२०७९ हुने भएको छ । सोमबार हेटौंडामा पत्रकार सम्मेलनमार्फत यही फागुन ८ र ९ गते बकैया कला-साहित्य महोत्सव-२०७९ हुने जनाएको हो ।

महोत्सवमा फाल्गुन ८ गते पहिलो दिन रचना वाचन कार्यक्रम, चित्रकला प्रतियोगिता, बकैया विशेष रचना वाचन हुनेछ। त्यस्तै फागुन ९ गते खुल्ला कविता वाचन, गजल, मुक्तक, वाचन र साहित्यक अन्तरक्रिया हुनुका साथै झरनाले प्रदान गर्दै आएको पुरस्कारहरु प्रदान गरिने छ । झरनाले महोत्सवमा साहित्यकार, साहित्यसेवी, कलाकार, पत्रकार, नवप्रतिभा तथा संघ संस्थालाई सम्मान गर्ने जनाइएको छ ।

होमनाथ-टिकामाया प्रतिभा सम्मान-२०७९ नगद २१ हजार १ सय २१ र सम्मानपत्रसहित डा. जीवेन्द्र देव गिरीलाई सम्मान गरिने जनाइएको छ । यस्तै शिव-सावित्री अधिकारी स्मृति मुक्तक सम्मान-२०७९ नगद १५ हजार ५ सय रुपैयाँ र सम्मानपत्रसहित पोखरा निवासी साहित्यकार सरुभक्तलाई सम्मान गरिने जनाइएको छ । त्यस्तै बाबुलाल-भोजमाया स्मृति प्रतिभा सम्मान-२०७९ नगद १५ हजार ५ सय ५५ रुपैयाँसहित साहित्यकार नवराज शर्मालाई प्रदान गरिने जनाइएको छ। त्यस्तै गोकर्ण स्मृति सम्मान-२०७९ नगद ११ हजार १ सय ११ रुपैयाँसहित पत्रकार भानुभक्त आचार्यलाई प्रदान गरिने जनाइएको छ ।

खडानन्द-मनमाया स्मृति युवा प्रतिभा सम्मान-२०७९ नगद ७ हजार ७ सय ७७ र सम्मानपत्रसहित युवा साहित्यकार अमला अधिकारीलाई सम्मान गरिने जनाइएको छ। त्यस्तै सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मान-२०७९ नगद ७ हजार ७ सय ७७ रुपैयाँसहित मकवानपुरका साहित्यकार अनिता न्यौपानेलाई प्रदान गरिने जनाइएको छ । सञ्जीवनी बुटी साहित्य सेवा सम्मान-२०७९ नगद ७ हजार ७ सय ७७ रुपैयाँ र सम्मानपत्रसहित कृष्णप्रसाद चौलागाईलाई प्रदान गरिने जनाइएको छ।

खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०७९ नगद ७ हजार ७ सय ७७ रुपैयाँ र सम्मानपत्रसहित साहित्यकार ऋषि केबीलाई प्रदान गरिने भएको छ । बकैया नवप्रतिभा सम्मान-२०७९ नगद ५ हजार ५ रुपैयाँ र सम्मानपत्रसहित कवि स्वस्तिका दाहाललाई प्रदान गरिने जनाइएको छ । झरनाले बकैया गाउँपालिकाभित्र रहेका विद्यालयहरुमा भएका साहित्यिक गतिविधिको आधारमा झरना-महेन्द्र बाल साहित्य समितिलाई सम्मान गरिने आयोजकले जनाएको छ । बकैया गाउँपालिकाभित्र रहेका विद्यालयहरुमा भएको साहित्यिक गतिविधिको आधारमा प्रभात माविका शिक्षक कुमार स्याङ्बोलाई दिइने जनाएको छ ।

महोत्सवमा बकैया गाउँपालिकाकाभित्र रहेका स्थानीय साँस्कृतिक नाच, गायन, कला प्रदर्शनी, हुनुका साथै साहित्य विशेष हुनेछ । सोमबार आयोजित पत्रकार सम्मेलनमा झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेल, उपाध्यक्ष चिरञ्जीवी लामिछाने र गायत्री रुपाखेती, संरक्षक जर्नादन खनाल, सचिव मसान उपासक, सदस्य अमृता लामिछाने लगायतको उपस्थिति रहेको थियो ।

## राष्ट्रपति रनिङशिल्ड राक्सिराङमा सुरु, मनहरीमा आजबाट

समाज संवाददाता

हेटौंडा: राष्ट्रपति रनिङशिल्ड पालिकास्तरीय खेलकुद प्रतियोगिता राक्सिराङमा मंगलबारबाट सुरु भएको छ । राक्सिराङ गाउँपालिका-३, सरिखेतस्थित सूर्योदय मावि परिसरमा मंगलबार सुरु भएको प्रतियोगिता आज बुधबारसम्म चल्नेछ। गाउँपालिका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन समारोह भएको थियो ।

यस्तै आज बुधबारबाट मनहरी गाउँपालिकामा पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सुरु हुँदैछ । मनहरीमा भोलि बिहीबार पालिकास्तरीय छनोट प्रतियोगिता सकिने छ। पालिकास्तरीय प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराइनेछ । जिल्ला, प्रदेश हुँदै राष्ट्रिय प्रतियोगिता आयोजना हुनेछ । मकवानपुर जिल्लामा जिल्लास्तरीय र ाष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता यही फागुन ६ र ७ गते हुँदैछ। जिल्लास्तरीय प्रतियोगिता हेटौंडा-४, हुप्रचौरमा हुनेछ ।

## बागमती गाउँपालिका राष्ट्रपति रनिङशिल्डको उपाधी जनता माविलाई




समाज संवाददाता

हेटौंडा: मकवानपुरको बागमती गाउँपालिकामा सञ्चालन भएको पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधी बागमती-८ स्थित जनता माविले जितेको छ । सोमबार सम्पन्न प्रतियोगितामा १२ स्वर्ण, ७ रजत र ९ कास्यसहित जनता माविले उपाधी जितेको हो ।

जितसँगै जनता माविले ३० हजार रुपैयाँसहित ट्रफी प्राप्त गरेको छ। यस्तै, बागमती-५ स्थित देवकी मावि द्वितीय भएको छ। देवकीले १० स्वर्ण, ४ रजत र ६ कास्य जितेको हो । द्वितीय भएको देवकीले नगद २० हजार रुपैयाँ र ट्रफी प्राप्त गरेको छ। यस्तै बागमती-१ स्थित सूर्य मावि ७ स्वर्ण, ११ रजत र ७ कास्यसहित तृतीय भएको छ । सूर्य माविलाई नगद १० हजार रुपैयाँ र ट्रफी प्रदान गरिएको छ । बागमती-२ स्थित बागमती माविले ३ स्वर्ण, ५ रजत र १ कास्यसहित सान्त्वना भएको छ । बागमती-७ स्थित चौरा आधारभूत विद्यालयले ३ स्वर्ण, १ रजत जितेको छ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी देवकी माविकी निमा स्याङ्बो घोषित भइन्। यस्तै, ट्र्याकतर्फको उत्कृष्ट खेलाडी सूर्य माविकी आरती बोम्जन र फिल्डतर्फको उत्कृष्ट खेलाडी सूर्य माविकै मेरिशा राई घोषित भइन् ।

## मकवानपुर गोल्डकपको क्वाटरफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडा: पाँचौं संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकपको क्वाटरफाइनल समीकरण पूरा भएको छ। मंगलबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा सर्लाहीको बागमती युवा क्लबलाई २-१ गोलअन्तरले हराउँदै हिमालयन शेर्पा क्वाटर फाइनलमा प्रवेश गरेसँगै प्रतियोगिताको क्वाटरफाइनल समीकरण पूरा भएको हो।

हिमालयनको जितमा विदेशी खेलाडी यामीले खेलको ३७ औं मिनेटमा गोल गरे । यस्तै निशान लिम्बुले दोस्रो हाफको १८ मिनेटमा गोल गर्दै हिमालयनलाई २ गोलको अग्रता बनाए। खेलको म्यान अफ द म्याचन लिम्बु घोषित भए। उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे । बागमतीका लागि खेलको दोस्रो हाफको २१ औं मिनेट सनम धिमालले गोल गरे ।

हिमालयनले अब क्वाटरफाइनलमा फ्रेण्ड्स क्लबसँग खेल्नेछ । क्वाटरफाइनलका खेलहरु बुधबारबाट सुरु हुनेछ । बुधबारको पहिलो क्वाटरफाइनल खेलमा वीरगञ्ज युनाइटेड र विदेशी टिम एभिनिर एफसीबिच प्रतिस्पर्धा हुनेछ। यस्तै बिहीबार नेपाल एपीएफ र त्रिभुवन आर्मीबिच प्रतिस्पर्धा हुनेछ । शुक्रबारको क्वाटरफाइनल खेलमा घरेलु टोली मकवानपुर-११ र मनाङ मर्स्याङ्दी क्लबबिच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## यातायात मजदुरले गराए ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका क्षेत्रमा चल्न पाउने अटो-मयूरीलाई अनुमतिपत्र उपलब्ध नगराएको भन्दै यातायात मजदुरले ध्यानाकर्षण गराएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक यातायात मजदुर संघ नेपालले हेटौंडा उपमहानगरपालिकाको ध्यानाकर्षण गराएको हो ।

उपमहानगरपालिकाले तोकेको मापदण्डअनुसार नगर क्षेत्रमा सञ्चालन गर्न पाइने अनुमतिपत्र (स्टिकर प्रणाली) को पूर्ण व्यवस्था हालसम्म सहज ढंगवाट उपलब्ध हुन नसकेको भन्दै ध्यानाकर्षण पत्र बुझाइएको छ । सोमबार संघका अध्यक्ष तेजप्रसाद रेग्मीसहितको टोलीले हेटौंडा उपमहानगरपालिकी प्रमुख मीनाकुमारी लामालाई ज्ञापनपत्र बुझाएको हो ।

उपमहानगरपालिले आफ्नो अभिभावकीय अपनत्व बहन नगरिदिंदा ट्राफिक प्रहरीको सुरक्षाजाँचको सिलसिलामा सवारी चालकहरुले दैनिकरुपमा जरिवाना तथा कानुनी कारबाही व्यहोर्नु परेको संघको आरोप छ। हेटौंडा उपमहानगरपालिका र यातायात संघबिच भएको सहमतिअनुसार २०७६ पुस ६ गतेभित्रका अटो तथा मयूरीजस्ता तीन पाङ्ग्रे सवारी साधनलाई नगरपालिकाको मापदण्डअनुरुप नगर क्षेत्रमा सञ्चालन गर्न पाइने अनुमतिपत्र (स्टिकर प्रणाली) टाँस्न सुरु गरेको थियो। हेटौंडा नगर क्षेत्रमा अनाधिकृतरुपमा सञ्चालित सवारी साधनलाई आवश्यक छानविन गरी पुन: बन्देज गराउने तथा अहिलेको समस्या समाधानतर्फ नगर पालिकाले अभिभावकीयरुपमा काम गर्नुपर्ने माग गरिएको छ ।

## आनन्द भैरवको व्यवस्थापन समिति सदस्य चयन

समाज संवाददाता

हेटौंडा: हेटौंडा-११ स्थित आनन्द भैरव आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समिति सदस्य सर्वसम्मत चयन गरिएको छ । सोमबार सम्पन्न विद्यालयको ३५ औं स्थापना दिवस तथा अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिमा ४ जना सदस्यहरु सर्वसम्मत चयन गरेको छ। अभिभावकबाट सदस्यमा राम बहादुर थोकर, सरिता वाईबा, राधिका अगस्ती र बिमला मगरलाई चयन गरिएको आनन्द भैरव आधारभूत विद्यालयका प्रधानाध्यापक कृष्ण खनालले जानकारी दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष प्रकाशचन्द्र पाण्डेको सभाध्यक्ष तथा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो । भेलालाई सम्बोधन गर्नुहुँदै प्रमुख गौतमले भौतिक पूर्वाधार पूर्ण रहेको अवस्थामा गुणस्तरीय शिक्षालाई जोड दिन आग्रह गर्नुभयो । उहाँले शिक्षा प्रविधिमैत्री भएमात्र शैक्षिक सुधार हुने धारणा राख्नुभयो । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले गुणस्तरीय शिक्षा तथा प्रविधिमैत्री शिक्षाका लागि आवश्यक सहयोग गरिने प्रतिबद्वता जनाउनुभयो । यसैगरी भेलामा २०७८ को शैक्षिक सत्रमा कक्षागत रुपमा प्रथम, द्वितीय र तृतीय हुने कक्षा १ देखि ८ सम्मका विद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

प्रधानाध्यापक खनालका अनुसार विद्यालयको स्थापना दिवसमा आयोजित अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीलाई पनि स्टेशनरी सामग्रीसहित पुरस्कृत गरिएको छ । हाजिरीजवाफ प्रतियोगिता, बेलुन फुटाई, गणित दौड, हस्तलेखनमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । घट्दो विद्यार्थी संख्यालाई बढाउन पहल गर्नुपर्नेमा सहभागीले सुझाव दिएका छन् । आनन्दभैरवमा एक सय ५२ जना विद्यार्थी अध्ययनरत् छन्। भेलामा हेटौंडा-११ का वडाध्यक्ष जुना दाहाल र हेटौंडा उपमहानगरपालिकाका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालको विशिष्ट आतिथ्य रहेको थियो । सोही अवसरमा कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई वडास्तरीय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शैक्षिक सामग्री समेत वितरण गरिएको छ। वडाध्यक्ष दाहालले ९५ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्नुभएको प्रधानाध्यापक खनालले बताउनुभयो ।

## मकवानपुर क्रिकेट टिमका क्याप्टेन सुमन बिएम ब्लास्टरमा अनुबन्ध

समाज संवाददाता

हेटौंडा: मकवानपुर क्रिकेट टिमका क्याप्टेन सुमन सुनार चितवनको बिएम ब्लास्टरमा अनुबन्ध भएका छन्। फागुन २३ गतेदेखि चितवनमा सुरु हुने प्रथम इस्टर्न क्रिकेट एकेडेमी टि-२० लिगका लागि सुनार चितवनको बिएम ब्लास्टरमा क्याप्टेनको रुपमा अनुबन्ध भएका हुन् ।

सुनारले विगतमा राष्ट्रियस्तरको प्रधानमन्त्री क्रिकेट कप, बागमती प्रदेश कपमा समेत खेलेका छन् । उनलाई प्रतियोगिता अवधिभरि सम्झौता गरिएको हो । उनी हाल हेटौंडा-१९ बस्तीपुरमा बसोबास गर्दै आएका छन् । प्रतियोगिताबारेमा विस्तृतमा फागुन ४ गते पत्रकार सम्मेलन मार्फत आयोजकले प्रथम पुरस्कार, द्वितीय पुरस्कार तथा अन्य विधागत पुरस्कारको घोषणा गरिनेछ । इस्टर्न क्रिकेट एकेडेमी टि-२० प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहनेछ ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

सार्वजनिक यातायातलाई व्यवस्थित गरौं

- सार्वजनिक क यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं ।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक छ सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं ।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।

ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ